मुख्यमन्त्री

कोशी प्रदेश
विराटनगर, नेपाल

# शुभकामना

रङ्गहरुको पर्वको रुपमा प्रत्येक वर्ष फाल्गुण शुक्ल पूर्णिमाको दिन मनाइने होली पर्व हिमाली र पहाडी जिल्लाहरुमा फाल्गुण २२ र तराईका जिल्लाहरुमा फाल्गुण २३ गते हर्षोल्लासका साथ मनाइदैछ।

असत्य माथि सत्यको विजयको प्रतिकको रुपमा रहेको यस पर्वले सांस्कृतिक विविधतायुक्त नेपाली समाजमा आपसी प्रेम, सद्भाव, सहिष्णुता र राष्ट्रिय एकतालाई थप मजबुत बनाउने छ भन्ने विश्वास लिएको छु। हाम्रा यस्ता पर्वहरुले हाम्रो मौलिक पहिचान र सँस्कृतिको सम्वर्द्धन र प्रवर्द्धनमा महत्वपूर्ण टेवा पुग्नेछ र यसको लागि कोशी प्रदेश सरकार सदैव प्रतिबद्ध रहेको छ।

अन्त्यमा, स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा होलीको खुसी छर्दै मौलिक सँस्कृतिको संरक्षण र सम्वर्द्धनमा एकताबद्ध भएर लाग्ने प्रेरणा प्राप्त होस भन्ने कामना सहित सबैमा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछु।

२०७९ साल फाल्गुण २२ गते सोमबार

हिक्मतकुमार कार्की
मुख्यमन्त्री